# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. चिरंजीबि नेपालसँग IMF प्रतिनिधि मण्डलद्वारा भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग Gerard J. Almekinders को नेतृत्वमा नेपाल भ्रमणमा रहेको IMF को प्रतिनिधिमण्डलले असार १३ गते उहाँको कार्यकक्षमा मिसनको wrap up भेटवार्ता गऱ्यो । भेटवार्ताका अवसरमा श्री Almekinders ले नेपाल सरकारद्वारा काठमाडौंमा आयोजित नेपालको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सम्मेलन सफल रहेको उल्लेख गर्दै भूकम्पपछिको पुनर्निर्माणका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन गर्ने कार्यको सराहना गर्नुभयो ।

प्रतिनिधि मण्डलका प्रमुख श्री Almekinders ले नेपाल राष्ट्र बैंकले पछिल्लो समय भूकम्पबाट प्रभावित ऋणीहरुलाई राहत स्वरुप ल्याइएको सहुलियत सम्बन्धी व्यवस्थाको दुरुपयोग भई खराब कर्जा पुनरतालिकीकरणका माध्यमबाट असल कर्जामा रुपान्तरण हुने जोखिमका बारेमा जिज्ञासा राख्नु भएकोमा गभर्नर डा. नेपालले यो सहुलियत निश्चित समयका लागि मात्र भएकोले यसले दीर्घकालीन रुपमा असर नपार्ने र सुपरिवेक्षणलाई प्रभावकारी बनाई सहुलियतको दुरुपयोग हुन नदिइने जानकारी दिनुभएको थियो ।

IMF बाट नेपाललाई लिन प्रस्ताव गरेको Rapid Credit Facility (RCF) सम्बन्धी प्रारम्भिक कार्य गर्ने उद्देश्यले नेपाल आएको सो टोलीले RCF का विभिन्न पक्षका बारेमा नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायतका निकायहरूसँग छलफल सम्पन्न गरेको छ ।

नेपाल राष्ट्र बैंकले सम्पादन गर्ने कार्यलाई अझ प्रभावकारी बनाउनका लागि IMF ले दिएका सुझावहरुलाई गम्भिरता पूर्वक लिइने जानकारी समेत गभर्नर डा. नेपालले दिनुभएको थियो ।

यस अघि गत असार ९ गते गभर्नर डा. नेपालसँग IMF-Asia Pacific Department की उप निर्देशक Kalpana Kochhar को नेतृत्वमा आएको IMF RCF Negotiation Mission ले उहाँकै कार्यकक्षमा भेटवार्ता गरेको थियो ।

२०७२ असार १३, आइतबार

गभर्नरको कार्यालय